# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## परवानीपुर गाउँपालिका
## बारा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## परवानीपुर गाउँपालिका
## बारा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

परवानीपुर गाउँपालिका

बारा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
मधेश प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं.११९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

परवानिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

परवानिपुर, बारा ।

१. **कैफियत सहितको राय** – हामीले परवानीपुर गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.५१ लाख ५५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१६ लाख ५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ लाख ९ हजार, नियमित गर्नुपर्ने रु.२१ लाख ३० हजार र पेश्की बाँकी रु.१३ लाख १० हजार समेत गरी यस वर्ष रु.५१ लाख ५५ हजार बेरुजू कायम रहेको छ । परवानीपुर गाउँपालिकाको गतवर्ष सम्म रु.७ करोड २७ लाख २६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ७ करोड ७८

लाख ८१ हजार रहेको छ ।परवानीपुर गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने परवानीपुर गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी परवानीपुर गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( श्यामप्रसाद भण्डारी )

**नायब महालेखापरीक्षक**

परवानीपुर गाउँपालिका,

बारा

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७० | १९ | ५१५५ | ० | ० | ० | ७० | १९ | ५१५५ | १६०६ | २१३० | १०९ | | | ३८४५ | १३१० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बारा | ७२७२६ | | | ७२७२६ | | ५१५५ | ७७८८१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

<table>
<tr><th>क्र. सं</th><th>आर्थिक वर्ष</th><th>बेरुजुको दफा</th><th>छोटकरी व्यहोरा</th><th>सम्परीक्षण भएको रकम</th></tr>
<tr><td></td><td>२०७९।८० (चालु वर्षको)</td><td colspan="2" rowspan="10">पेश नभएको</td><td></td></tr>
<tr><td>१</td><td>०७९।८०</td><td></td></tr>
<tr><td>२</td><td>०७९।०८०</td><td></td></tr>
<tr><td>३</td><td>०७९।०८०</td><td></td></tr>
<tr><td></td><td>चालु वर्षको जम्मा</td><td></td></tr>
<tr><td></td><td>गत विगत वर्षतर्फको</td><td></td></tr>
<tr><td></td><td>२०७८।७९</td><td></td></tr>
<tr><td></td><td>२०७७।७८</td><td></td></tr>
<tr><td></td><td>२०७६।७७</td><td></td></tr>
<tr><td></td><td>गत विगतको जम्मा</td><td></td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td></td><td></td><td></td></tr>
</table>

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडारहेको छ भने क्षेत्रफल १५.४८ वर्ग किलोमिटर तथा २२७८७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।२९ देखि २०८०।१०।४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका

लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजनतर्फ रु. ०, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय — व्ययतर्फ रु. ११५६५९६७१.३२, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ११५६५९६७१.३२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १०४६५६। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | आन्तरिक आय | ७०००० |
| २ | निर्माण व्यवसायीलाई बढि भुक्तानी | १९२९१ |
| ३ | व्यवसायीलाई बढी भुक्तानी | १५३६५ |
| | जम्मा | १०४६५६ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तिय विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नाअनुसार देखिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ती भुक्तानी हिसाव देहाय बमोजिम रहेको छ।

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३

| प्राप्ती भुक्तानी हिसाव | | | | | |
|---|---|---|---|---|---|
| | यस वर्ष रु. | | | गतवर्ष रु. | |
| विवरण | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ६३२९६६०१२.०९ | ५०३९१२५५७.५३ | ५०३९१२५५७.५३ | ३४१९१५४९८.४६ | ३४१९१५४९८.४६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ५४६८३२०००.०० | ४१२५७०९१९.९१ | ४१२५७०९१९.९१ | ३३८१३५४१३.४६ | ३३८१३५४१३.४६ |
| ११००० कर | ९४४९२०००.०० | ७६५६५०७३.१६ | ७६५६५०७३.१६ | ७६४५१९३८.९८ | ७६४५१९३८.९८ |
| १३००० अनुदान | ३४२४८७०००.०० | ३३२०५४५००.०० | ३३२०५४५००.०० | २५४०११०००.०० | २५४०११०००.०० |
| संघीय सरकार | ३२२७१००००.०० | ३१४४२७५००.०० | ३१४४२७५००.०० | २३७११६०००.०० | २३७११६०००.०० |
| प्रदेश सरकार | १७६२७०००.०० | १७६२७०००.०० | १७६२७०००.०० | १६८९५०००.०० | १६८९५०००.०० |
| अन्तरिक श्रोत | २०००००.०० | ० | ० | ० | ० |
| जनसहभागिता | १९५००००.०० | ० | ० | ० | ० |
| १४००० अन्य राजस्व | १३००००००.०० | ३७२७१४६.७५ | ३७२७१४६.७५ | ७५९२३७४.४८ | ७५९२३७४.४८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५००० विविध प्राप्ति | १००००००.०० | २२४२००.०० | २२४२००.०० | ८०१००.०० | ८०१००.०० |
| ३२००० वित्तीय सम्पत्ति | ९६७५३०००.०० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | ८६१३४०१२.०९ | ९१३४१६३७.६२ | ९१३४१६३७.६२ | ३७८००८५.०० | ३७८००८५.०० |
| वितरण गर्न बाकी राजस्व | ० | ४१२५०.०० | ४१२५०.०० | ० | ० |
| कोषहरु | ८६१३४०१२.०९ | ७५५४५९४९.६२ | ७५५४५९४९.६२ | ० | ० |
| धरौटी | ० | १५७५४४३८.०० | १५७५४४३८.०० | ३७८००८५.०० | ३७८००८५.०० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ६३२९६६०१२.०९ | ५०१६२५८५०.३० | ५०१६२५८५०.३० | २७८५५१८९१.१४ | २७८५५१८९१.१४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५४६८३२०००.०० | ४१०२५२७५३.१५ | ४१०२५२७५३.१५ | २७४५२५००८.१४ | २७४५२५००८.१४ |
| २१००० पारिश्रमिक / सुविधा | ९२६३९०००.०० | ७८२१३९६०.०० | ७८२१३९६०.०० | ६३९६८२४४.४४ | ६३९६८२४४.४४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १०३८८१२८०.०० | ७७३९४११०.१५ | ७७३९४११०.१५ | ७७२०३२२१.७० | ७७२०३२२१.७० |
| २५००० सहायता (Subsi dy) | ७२५६०००.०० | ४४६३१८९.०० | ४४६३१८९.०० | १८४९७००.०० | १८४९७००.०० |
| २६००० अनुदान | ० | ० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १२२३५०००.०० | ७७७०११८.०० | ७७७०११८.०० | ३४३४७४८.०० | ३४३४७४८.०० |
| २८००० अन्य खर्च | ४७४५७२०.०० | ४०५८९२०.०० | ४०५८९२०.०० | १८४३९००.०० | १८४३९००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूंजीगत खर्च | ३२६०७५०००.०० | २३८३५२४५६.०० | २३८३५२४५६.०० | १२६२२५१९४.०० | १२६२२५१९४.०० |
| घ. अन्य भूक्तानी | ८६१३४०१२.०९ | ९१३७३०९७.१५ | ९१३७३०९७.१५ | २७८५५१८९१.१४ | २७८५५१८९१.१४ |
| कोषहरु | ८६१३४०१२.०९ | ८४१३००७२.१५ | ८४१३००७२.१५ | १०५०००.०० | १०५०००.०० |
| धरौटी | ० | ७२४३०२५.०० | ७२४३०२५.०० | ३९२१८८३.०० | ३९२१८८३.०० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ. यो वर्षको बचत (न्युन) | | २२८६७०७.२३ | २२८६७०७.२३ | ६३३६३६०७.३२ | ६३३६३६०७.३२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | २२५६९८१४६.२१ | २२५६९८१४६.२१ | १०२०४९७७६.७६ | १०२०४९७७६.७६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | २२७९८४८५३.४४ | २२७९८४८५३.४४ | १६५४१३३८४.०८ | १६५४१३३८४.०८ |
| | | | | | |
| बैंक तथा नगद बाकी | | १६७६९४०७३.३१ | १६७६९४०७३.३१ | १६५४१३३८४.०८ | १६५४१३३८४.०८ |

पालिकाबाट पेश भएको विवरण अनुसार वर्षान्तको बाँकी बैक मौज्दात स्रेस्ता अनुसार रु.१६७६९४०७३ रहेकोमा सोही सकम वर्षान्तको बाँकी सँग मिल्नु पर्नेमा वर्षान्तको बाँकी रु.२२७९८४८५३.४४ रहेको पाइयो। अतः के कारणले फरक परेको यकिन गरी हिसाव मिलान गरिनु पर्दछ।

४ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

♣ पालिकाले आन्तरिक नियन्त्रण प्रणालि तयारगरी कार्यान्वयनमा नल्याएको

♣ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा आंशिकरुपमा गरेको पाइयो।

♣ बार्षीक लक्ष्य प्रगती तयार गरेको पाइएन।

♣ पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

♣ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

♣ विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता भ्रमण भत्ता तालिम गोष्ठीतर्फ बढी केन्द्रीत

भई वितणमुखि रहेको पाईयो।

♣ पालिका अन्तर्गत कार्यादेश तथा प्राविधिक लागत अनुमान विना नै अमानतबाट काम गरिएको पाइयो।

♣ कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

♣ कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

♣ स्थानीय तहले आफ्नो क्षत्रमा कार्यान्वयन हुने आयोजनाको विष्लेषण गरी सम्भाव्य बयोजनाको बैक खडा गरेको देखिएन।

♣ ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

♣ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

♣ सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

♣ वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

♣ सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा ६ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

♣ मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयनगर्नुपर्दछ ।

- वडा सचिवलाई वडा कार्यालयको बजेटबाट अमानतबाट काममा गराउने गरेको पाइयो।

- पालिकाबाट संचालनमा रहेका योजनाहरुको ठेक्का लगाउँला निर्माण व्यवसायीले निर्माण कार्यको विमा गराउँदा योजनाको म्याद थप तथा मर्मत संभार अवधिको विमा गराउने गरेको पाइएन।

- पालिकाबाट संचालित योजनाको ठेक्काको अवधि थपगर्दा विमाको अवधिको समेत म्याद थप गर्नु पर्नेमा थप गरेको पाइएन।

- बैक हिसाव मिलान विवरण तयार नगरेको।

- पालिकाभित्र सामान/मेसिनरी/फर्निचर खरिदमा १ लाखभन्दा बढीको मुल्यमा लागत अनुमान तथा स्पेसिफिकेसन तयार गरि खरिद गर्नु पर्नेमा सो तयार वेगर ३ वटा कोटेशन माग गरि कम कबोल गर्ने सँग खरिद गर्ने गरेको पाइयो।

- विपत् व्यवस्थापन बाट आर्थिक सहायता दिदा विपद्का अवस्था अनुसार रकम निर्धारण नगरि कार्यपालिकाको ठाडो निर्णयको आधारमा भुक्तानी दिने गरेको पाइयो।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५ **बजेट पेश पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु.५५ करोड ५१ लाखको बजेट सभा समक्ष पेश

गरेकोमा सभाबाट मिति २०७९।३।३१मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.३००००००। अबण्डा बजेट व्यवस्था गरी १४ योजनामा रु.२७९९४८७। खर्च गरेको छ। बजेट पालिका विकास कोषको नाममा अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | राष्ट्रपति रनिङ्ग सिल्डको रकम भुक्तानी | १५२८७५ |
| २ | प्राविधिक मुल्याङ्कन तथा वडाको सिफारिस बमोजिम रकम भुक्तानी | ४७९५२ |
| ३ | कार्यपालिकाको निर्णय तथा प्राविधिक मुल्याङ्कन अनुसार बाटो ढलान खर्च | ३०५९३४ |
| ४ | बोटो ढलान आकृति कन्स्ट्रक्सन | ६२९८१६ |

सैद्धान्तिक बेरुजु

७ **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक भौगोलिक अवस्था प्राकृतिक स्रोत अन्तर्गत खानी जंगल तथा अन्य स्रोत पूर्वाधार अन्तर्गत सडक पुल खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

सैद्धान्तिक बेरुजु

८ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेकोमा यस वर्ष ११ विवाद दर्ता भएकोमा ६ वटा मात्र फस्र्यौट भई ५ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

९ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण उत्पादनमूलक रोजगारी लागत सहभागिता स्थानीय स्रोत र साधन समावेशी विकास दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल २२१ योजनामा वजेट विनियोजन गरेको छ।

| क. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | दायिन्व सृजना | २१ | २६ | १३८ | ५७ |
| २. | पालिका स्तरिय | ११ | | | |
| ३ | वडास्तरिय | ४७ | | | |
| ४ | अध्यक्ष स्तरिय | ५४ | | | |
| ५ | उपाध्यक्ष | २० | | | |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २२५ योजनामात्र कार्यान्वयन भई ३१ योजना

कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **गत बर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रु. ३३५०५०००। भुक्तानी दिएकोपाइयो। चालु वर्षको बजेट तयार गर्दा गत वर्षको ठूलो रकम भुक्तानी दायित्व सृजना हुँदा चालु वर्षको योजनाहरु प्रभावित हुने हुँदा आगामी वर्षमा दायित्व सृजना नहुने गरि कार्यक्रम संचालन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

११ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ३५ संघसंस्था र व्यक्तिहरुलाई औषधि उपचार संस्रुथाका विभिन्न कार्यक्रम संचालन अनुदानको रुपमा रु.७६६९२५। आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२५९२१०६२.९७ को २.९५ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम बजेट तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण विषय क्षेत्रगत कार्यक्रम योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत कर सेवा शुल्क दस्तुर वापत अनुमानित रु.१०७४९२०००।प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२५९२१०६२.९७ अर्थात अनुमान भन्दा २४.११ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

सैद्धान्तिक बेरुजु

१४ **लक्ष्य प्रगति -** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | २५६ | ३१ | ५ | ७ | २१ |

गाउँपालिकामा यस आ व मा संचालित कुल योजना २५६ मध्ये ३१ वटा कार्यक्रम संचालन हुन नसकेका ५ वटा योजनाले २५ प्रतिशत प्रगति हा ासिल गरेको ७ वटा योजनाहरुले ५० प्रतिशत प्रगति हाँसिल गरेको २१ योजनाहरुले ७५ प्रतिशत सम्म प्रगति हाँसिल गरेको र बाँकी १९२ कार्यक्रमले ७५ देखि १०० प्रतिशत सम्म प्रगत। हाँसिल गरेको देखिन्छ। कार्यक्रम निर्धारण गर्दा शत प्रतिशत प्रगती हाँसिल हुने गरी कार्यक्रम निर्धारण गरिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २५५३८५८४३.१ | २५९२१०६२.९७ | १०.१४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक

आयको हिस्सा १०.१४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१६ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ ५७ ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ८२००००० | ६७२३८४४.५४ | ८१.९९ |
| घरजग्गा वहाल कर | १६९५०००० | १३२८७७९४.७९ | ७८.३९ |
| व्यवसाय कर | ७००००० | १२८००० | १८.२८ |
| वहाल विरौटी शुल्क | १३००००० | ३२०९७४० | २४६.९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

१७ **कवाडी कर संकलन**

१७.१ न्यूनतम कायम मुल्य रु.२००००००। कायम भएको कवाडी कर संकलन आय ठेक्का मा ४ वटा व्यवसायी दर्ता भएकोमा सवैभन्दा बढी रु.२०११०००। कैलाश मण्डलले कबोल गरी मिति २०७९।७।२९ मा संझौता भएको पाइयो। सो व्यक्तीले मिति २०७९।७।२९ मा रु.५०६००० मिति ०७९।७।२८ मा रु.५००००० मिति २०७९।१२।२८ मा रु.४००००। र मिति २०८०।१।५ मा रु.५०००००। गरी जम्मा रु.१९०६०००। आम्दानी गरेकोमा रु.१०५०००। पालिकामा बुझाउन बाँकी रहेको पाइयो। निजले राखेको धरौटी रु.१०५०००। भएकोमा मिति २०८०।३।२४ मा टिप्पणी उठाइ आम्दानी बाँध्ने भनी निर्णय गरेकोमा हालसम्म आम्दानी नबाँधिएकाले राजश्व आम्दानी हुनु पर्ने रु.

| असुल गर्नुपर्ने | १०५००० |
|---|---|

१७.२ कवाडी कर संकलनको सुचना प्रकासनको समयमा सुचनाको बुँदा न. ११ मा व्यक्तीको हकमा टेण्डर

स्विकृत भएपछी सम्झौता गर्दा आउँदा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पेश गर्नु पर्दछ भनेकोमा सो पेस गरेको पाइएन अतः मु.अ.कर दाखिला प्रमाण पेश गर्नु पर्ने साथै मु.अ.कर रकम रु.२६१४३०।संवन्धित सँग असुल गरी मु.अ.कर दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६१४३० |

१८ **राजश्व बाँडफाँड -** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व बाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.

| **आय शीर्षक** | **संकलित रकम** | **प्रदेशलाई पठाउनु पर्ने प्रतिशत** | **पठाएको रकम** | **पठाउन बाँकी रकम** |
|---|---|---|---|---|
| विज्ञापन कर | ४१२५० | ४० | ० | १६५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६५०० |

१९ **सेवाप्रवाहको स्थिति -** यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण निम्नानुसार रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

| विवरण | जम्मा |
|---|---|
| स्विकृत घरनक्सा दर्ता पास | ५० |
| जन्मदर्ता | २५१७ |
| मृत्युदर्ता | ४११ |
| बसाईसराई दर्ता | ६४ |
| विवाह दर्ता | ३६२ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| पूर्वाधार विकास सडक निर्माण | १८९४९ |
| ग्राभेल सडक निर्माण | १०९७७ |

स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सवाहरु मध्य पञ्जिकरण बाहेकका अन्य सेवाहरुको अभिलेख व्यवस्थित राख्ने गरेको नपाइएकाले यसमा सुधार गर्नु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२० **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्रथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ११ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत इन्जीनियर जनस्वास्थ्य अधिकृत सहित १८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु

यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

| सैद्धान्तिक बेरुजु |
|---|

२३ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९ स्वास्थ्य सेवा ऐन २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ शिक्षा ऐन २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २४ कर्मचारीको रु. १६०१५५५९.१शिक्षातर्फ र पालिकाका ९ कर्मचारीको रु.६६११९४३.३ समेत रु.२२६२७५०२.४ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२४ **शिर्षक फरक पारी खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७४ को नियम २९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नु पर्ने छ। उपनियम २ मा कार्यालयले बढी खर्च हुने गरी दायित्व सृजना गर्नु हुँदैन भन्ने व्यवस्था छ। भौ.४०-०८०।८।८ बाट टेण्डर मुल्याङ्कन र खाजा खर्च रु.१४५२५०। भुक्तानी भएकोमा कन्टिन्जेन्सीबाट खर्च गर्नु पर्नेमा वडा कार्यालय भवन निर्माण वडा नं १ बाट रु.१००२५०। र डेनियम फैकटरी देखि पूर्वजाने नहर सम्म पक्की ढान वडा नं ४ बाट रु.४५०० गरी रु.१४५२५०। खर्च लेखेको पाइयो। पालिकाले खर्च गर्दा सम्वन्धित शिर्षकबाट खर्च गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

२५ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने नकुहिने सिसाजन्य अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६ **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ मा बैकले लाभग्राहीको खातामा रकम जम्मा गरिसकेपछि पहिलो दोस्रो तेस्रो र चौथो त्रैमासिकको असार मसान्तभित्र वा मासिक रुपमा भत्ता वितरण गरिने भएमाअर्को महिनाको ७ गते भित्र भत्ता वितरणको अनुसुची-८ बैकबाट प्राप्त गर्नुपर्ने

व्यवस्था छ। यस आ व मा सामाजिक सुरक्षा भत्ता रु.७४६२६९३६। वितरण गरेकोमा अनुसुची-८ बैंकबाट प्राप्त नभएकवले कति लाभग्राहीलाई कति रकम वितरण गरियो तथा कति वितरण गर्न बाँकी भयो भन्ने व्होरा यकिन गर्न सकिएन।

सैद्धान्तिक बेरुजु

२७ **औषधि खरिद** - गाउँपालिकामा आवश्यक भेटरनरी सँग सम्वन्धित औषधि खरिद गरी भौ.४५-०७९।८।१६ बाट जय मा भवानी भेट कन्सन्सर्न लाई रु.८९९७५०। भुक्तानी भएको छ। सम्वन्धित शाखाले औषधि खरिद पुर्व शाखाको आवश्यकता के-कती हो पहिचान गर्नको वडाहरुबाट माग संकलन गरी परिमाण यकिन पछ सो को लागत अनुमान तयार गर्नु पर्दछ।पालिकाले सो माग सख्या यकिन नगरेरी तथा लागत अनुमान तयार वेगर खरिदका लागि ३ वटा कोटेशन प्रति इकाइ दरका आधारमा कम कबोल गर्ने जय माँ भववानी भेट कन्सर्न सँग खरिद गरेको पाइयो।अतः सामान खरिद गर्दा माग पहिचान तथा लागत अनुमान तयार गरेर मात्र खरिद गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **आर्थिक सहायता** - पालिकाले प्रेस चौतारी नेपाल र अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विधार्थी युनियनलाइ निजको निवेदनको आधारमा भौचर नं २९४।०७९।१०।१२ र भौचर नं ३१६।०७९।११।३ बाट क्रमशः रु १ लाख र १५ हजार भुक्तानी गरेको छ । आर्थिक सहायता दिदा कार्यविधि बनाएर मात्र दिने व्यवस्था गर्नुपर्छ।

सैद्धान्तिक बेरुजु

२९ **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ पालिकाका विभिन्न शाखाहरुको अधिती शत्कार बैठक संचालन भएको समय खाता खाना वापत्र रु.१३४११८६।खर्च गरेको छ । यसरी ठूलो रकम विविध तथा खाजा खानामा खर्च गरिनु उपयुक्त नभएकाले यस प्रकारको खर्चमा नियन्त्रण गरिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३० **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २ वटा ऐन ८ कार्यविधि लगायत १० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।साथै पालिकाले १० वटा कानूनहरु निर्माण गरी

सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु मध्य १ वटा कार्यविधि राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३१ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२३८३५२४५६.० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३४६९५००० | २०८८६४७९ | ५.०९ |
| २ | पूर्वाधार विकास | २६६६७०००० | १८७२७५०८६ | ४५.६५ |
| ३ | सामाजिक विकास | १३५७३२००० | ११२००९३९७.६ | २७.३० |
| ४ | संस्थागत विकास सेवा प्रवाह र सुशासन | ३१००००० | १५११४१४.५ | ०.३७ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १०६६३५००० | ८८५७०३७६.०५ | २१.५९ |
| **जम्मा** | | **५४६८३२०००** | **४१०२५२७५३.१५** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकास मा सबैभन्दा बढी ४५.६५ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ०.३७ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

३३ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | २३८३५२४५६ | २०२५४७९३ | २०४१५०४१ | ५८९४५१२८ | १३८७३७४९४ | १७०४४८८१ |
| प्रतिशत | | ८.४९ | ८.५७ | २४.७३ | ५८.२१ | ७.१५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२३८३५२४५६। निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २०२५४७९३(८.४९प्रतिशत) दोस्रो त्रैमासिकमा रु.२०४१५०४१ (८.५७ प्रतिशत) तेस्रो त्रैमासिकमा रु.५८९४५१२८(२४.७३ प्रतिशत) र चौथो त्रैमासीकमा रु.१३८७३७४९४। खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.१७०४४८८१।(७.१५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३४ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२५९२१०६२.९७ राजस्व बाँडफाँड र अनुदानबाट रु.४३१०३७६९८.९१ समेत रु.४५६९५८७६१.८८ आम्दानी भएकोमा चालु तर्फ रु.१७१९००२९७.१५ र पूँजिगत तर्फ रु.२३८३५२४५६।समेत रु.४१०२५२७५३.१५ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.३२ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.७५२७७०४.० खर्च भएको छ जुन आन्तरिक आयको ६.३२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३७.६२ प्रतिशत चालु र ५२.१६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३५ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि

प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

---

३६ **गाउँपालिका भवन निर्माण** - लागत अनुमा रु.१८८९६६९३.९९ भएको गाउँपालिका भवन निर्माण कार्य रु.१०९६१६६२.१९ मिति २०७८।३।२० मा सम्पन्न गर्ने गरि मिति २०७७।७।५८ मा आर एन विल्डर्स सँग संझौता भएको थियो। संझौता अनुसार रु.१०९६१६६२.१९ को काम गर्नु पर्ने रु.९८३०६७०.७४ काम गरेको छ। संझौता भन्दा रु.११३०९०१.४५ (१०.३१) कम काम गरेको अवस्थामा पनि कार्य सम्पन्न तयार गरेको पाइयो। कार्यपालिकाको मिति २०७९।६।१४ को प्रस्ताव नं.८ मा गाउँपालिका भवनको निर्माण कम्पनीले पुरै कार्य गर्न नसकेको कारण सो निर्माण कम्पनीले गराएको काम वापतको भुक्तानी गरिएको तथा सो अधुरी कार्य नयाँ लागत अनुमान तथा नक्सा अनुसार अगाडी बढाउने निर्णय गरी सो अनुसार कार्य गरेको पाइयो।

सैद्धान्तिक बेरुजु

---

३७ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४ ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• प्रतयक जिन्सी सामानको अवस्था के छ भनी जानकारी तत्काल लिन सक्ने गरी सवै जिन्सी सामानको हकमा जिन्सी खाता पाना नं. उल्लेख गरी कार्यालयका सवै कोठाहरुमा राख्नु पर्ने आवश्यकता देखिएपनि राखेको पाइएन।

•नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार लिलामी

लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरु मध्य मर्मत गर्नु पर्ने उल्लेख गरेको मोटरसाइकल १९ स्कुटर १टेलिभिजन १ डिजिटल क्यामरा १ मोवाइल सेट १ डेक्सटप कम्प्युटर ६ ल्यापटप १५ लगायत २८ किसिमका सामानहरु ११६ वटा मर्मत तथा विभिन्न १३ किसिमका ५३ वटा सामान लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

• जिन्सी सामान प्राप्ती मात्र सवै विषय होइन यसको प्रभावकारी व्यवस्थापन महत्वपूर्ण हुने हुँदा सोही अनुसारको व्यवस्था जिम्मेवार पदाधिकारीबाट हुनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३८ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने सार्वजनिक खरिद ऐन २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छन्।

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | | नभएको |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | विभिन्न | २७ | उल्लेख नगरेको | मोटरसाइकल जिप ट्रिपर जेसिवि ट्याक्टर |
| उपकरण (रु.१ लाखभन्दा बढी) | विभिन्न | ९ | उल्लेख नगरेको | कोर कटर मेसिन २ थान sewer Suction Machine 1 थान Fogin Machine ३ थान अटो लेभल १ थान डिजिटल बोर्ड १ थान |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | २ | उल्लेख नगरेकोत्र | ट्रिपर १ थान कोर कटर मेशिन १ थान |

पालिकामा भएका महत्व पुर्ण मेसिनरी औजार तथा समानहरुकव प्राप्ती मिति तथा खरिद मुल्य उल्ले गरी अभिलेख व्यवस्थित गर्नु पर्नेमा गरेको पाइएन। अतः कार्यालयमा भएका सम्पतिको अभिलेख

व्यवस्थित गर्नुका साथै चालु हालतमा राखी उपभोगमा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३९ **सहकारी नियमन** - सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २७ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट २५ सहकारी विवरण दाखिला गरेको पाइयो। पालिकाबाट भएको अनुगमनमा १० वटा सहकारी मात्र संचालनमा रहेको प्रतिवेदन प्राप्त भएको छ। यसरी एकिकृत सुचना व्यवस्थापन प्रणालिमा प्रविष्ट गर्न बाँकी र सहकारीको प्रविष्ट गर्नु पर्दछ। साथै संचालनमा रहेको भन्दा बढी सहकारी एकिकृत सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट भएको सम्वन्धमा यकिन गरिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४० **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७४६२६९३६। सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४१ **फरक जिम्मेवारी**

४१.१ पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१८१५४६१३१.० मौज्दात रहेकोमा यो वर्ष रु.१७३६५७७२६.२२ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७८८८४०४.७८ वढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४१.२ आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. १३३५०४७०.९० पुँजीगत खातामा रु.४६२१८४९३।समेत रु. ५९५६८९६३.९ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १००४२५१०५.३ | ४१३०६१४१.४ | -५९११८९६३.९ |
| चालु खर्च खाताजोर वर्ष | -७९३३४४ | १३३५०४७०.९ | १४१४३८१४.९ |
| पुँजीगत खर्च खाता | ५००००० | ४६२१८४९३ | ४५७१८४९३ |
| विविध खर्च खाता | १०५४५३१.४९ | २६११८७.४९ | -७९३३४४ |
| स्थानिय तह प्रकोप व्यवस्थापन खाता | ८९९४०८.४५४ | ९४९४०८.४५ | ४९९९९.९९६ |
| स्थानीय विभाज्य कोष | ४१२५० | ४१२५० | ० |
| धरौटी | १३५३२७२०.०८ | १३५३२७२०.०८ | ० |
| **जम्मा** | | | -०.००४ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

चालु खर्च खाता जोर वर्षमा बैक अनार रु.१३३५०४७०.९ भएकोमा सो साट्न बाँकी चेक बाहेकको रु.१६८३८४७४।४५ संचित कोषमा सारी खाता शुन्य गरेको।

पुँजिगत खर्च खाता जोर वर्षमा बैक अनुसार ४६२१८४९३ भएकोमा सो साट्न बाँकी चेक बाहेकको रु.२२४४५७९३.९४। संचित कोषमा सारी खाता सुन्य गरेको।

पालिकाको म.ले.प.फा.नं. २७२ को अनुसुची २४ मा बैक तथा नगद बाँकी रु.११५६५९६७१.३२ रहेकोमा बैक मौज्दात अनुसार रकम रु.४२७१६३३१.८९। रहेको पाइयो। पालिकाले अनुदानको फिर्ता गरेको रकम सुत्रमा नघटाएको रु.३६४२३४४१। घटाइ रु.६२९२८९०.८९ बाँकी देखिन्छ। अतः बैक रिकन्सिलेसन तयार गरी बैक खाता अध्यावधिक गर्नु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४३ **जनप्रतिनिधिको बिमा -** जनप्रतिनिधि आफैले तयार गरेको ऐन जनप्रतिनिधि तथा कर्मचारी स्वास्थ्य उपचार कल्याण कोष संचालन ऐन २०७९ को दफा १३(छ) मा प्रत्येक जन प्रतिनिधिको कार्यकाल अवधिभरका लागि रु.२ लाखको विमा कल्याण कोष बाट खर्च गरिने भनि उल्लेख छ। तर मिति २०७९।११।१९ को गाउँ कार्य पालिकाको निर्णय नं.२ मा विपद् व्यवस्पन कोषबाट खर्च गरिने निर्णय गरेको पाइयो। आफैले बनाएको ऐन विपरित गाउँ कार्यपालिकाबाट निर्णय गरि भौ.१९-०७९।१२।२४ बाट विमा रकम रु.१२२६६९१। खर्च गरेकाले आन्तरिक आम्दानीलाई बढाइ आन्तरिक आम्दानी बाट खर्च गर्नु पर्नेमा पालिकाले बनाएको ऐन विपरित गरेको खर्च नियम सम्वत नदेखिएको रु

| **क्र सं** | **पदाधिकारी** | **विमा प्रिमियम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ | रामक्षत्री प्रसाद कुर्मी | २००००० | ४६६४३ |
| २ | सुगान्धी देवि कनुइन | २००००० | ४२६३६ |
| ३ | चोकट महतो धानुक | २००००० | ४९९९५ |
| ४ | दिपक कुमार मन्डल | २००००० | ४१९५० |
| ५ | कोहेरी देवि भराइन | २००००० | ४५०२६ |
| ६ | चिन्ता देवि पासवान | २००००० | ४३१२६ |
| ७ | महमद नुरुल होदाअन्सार | २००००० | ४३७७३ |
| ८ | रामबाबु महतो चौहान | २००००० | ४२९४६ |
| ९ | लक्ष्मिना देवी नुनिया | २००००० | ४२९४६ |
| १० | इनर कलिया देवी चमैन | २००००० | ४५५६३ |
| ११ | इब्राइन मिया धोवी | २००००० | ४५२०६ |
| १२ | जिउत प्रसाद साह | २००००० | ४३३२० |

| | | | |
|---|---|---|---|
| १३ | जयपति देवी | २००००० | ४६४१८ |
| १४ | गमभिरा राउत कुर्मी | २००००० | ४८१८९ |
| १५ | राजदेव प्रसाद पटेल | २००००० | ४४३२८ |
| १६ | जगदिस साह कानू | २००००० | ४८१८९ |
| १७ | लालमुनी देवी | २००००० | ४५७४५ |
| १८ | सोशिला देवी | २००००० | ४४९६४ |
| १९ | रामेश्वर साह कलवार | २००००० | ४८१८९ |
| २० | दारासिंह पटेल | २००००० | ४६९६६ |
| २१ | महेश प्रसाद साह कानू | २००००० | ४६६४३ |
| २२ | कलिया देवी | २००००० | ४५५६३ |
| २३ | उषा देवी महरा | २००००० | ४४३२८ |
| २४ | जगदिश राम | २००००० | ४२६३६ |
| २५ | रामदेव रायभर | २००००० | ४५२०६ |
| २६ | रामदेव महतो | २००००० | ४५२०६ |
| २७ | हमिद मिया | २००००० | ४९९९५ |
| २८ | महन्थ राम हर्जन | २००००० | ४६४१८ |
| | **जम्मा** | | १२२६६९१ |

| | |
|---|---|
| अनियमित भएको | १२२६६९१ |

४४ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.१४१००००। बाँकी रहेको देखिन्छ। निम्नानुसार फर्छ्यौट गर्नु पर्ने रु.

| भौ मिति | पेश्कीको विवरण | पेश्की लिने पक्ष | पेश्की रकम |
|---|---|---|---|
| पदाधिकारी पेश्की | | | |
| ३६९ | मेला महोत्सव छठ दिपाली होली इदवकरिद तथा अन्य धार्मक कार्यको लागि सहयोग | जगदिश राम | १२५००० |
| ७१ | विभिद कार्यक्रम | जगदिश राम | ५०००० |
| ३८२ | पदाधिकारी भ्रमण | दारा सिंह पटेल | ३००००० |
| ४४२ | विविध कार्यक्रम खर्च | गम्हिरा राउत कुर्मी | ५०००० |
| व्यक्तिगत | | | |
| ६४ | पत्रपत्रिका छपाइ तथा सुचना प्रकासन खर्च | लहवर कुमार साह कानु | ५००० |
| १०६ | गाई भैसीहरुको लागि निःशुल्क विमा कार्यक्रम | कृष्णा कुमार चौरसिया | ५००००० |
| २३६ | मेला महोत्सव छठ दिपाली होली इदवकरिद तथा अन्य धार्मक कार्यको लागि सहयोग | जाकिर हुसेन धोवी | ७५००० |
| ४१४ | विमा तथा नविकरण खर्च | नरेश प्रसाद मण्डल | १०५००० |
| ५४७ | न्यायिक समितिका सदस्य एवं कर्मचारुहरुको क्षमता अधिवृद्धिका लाग अवलोकन भ्रमण | त्रिभुवन कुमार गुता | १००००० |
| | जम्मा | | १३१०००० |

| | |
|---|---|
| पेश्की | १३१०००० |

## ४५ आन्तरिक आय

४५.१ पालिकाबाट संचालनमा ल्याएको एम्बुलेन्स कार्यविधि बनाइ सेवा प्रदान गर्ने र शुल्क निर्धारण गरि सो अनुसार राजशगव संकलन गर्ने गरेको पाइयो। पालिकाले जेष्ठ नागरिक महिला सुत्केरी रातो र निलो कार्ड भएका अपाङ्गलाई निशुल्क सेवा प्रदान गरेको पाइयो। एम्बुलेन्स वर्ष भरि संचालन गर्दा रु.१२०७२१। राजश्व संकलन गरेको छ भने एम्बुलेन्सको मर्मत इन्धन तथा चालकको तलब समेत

गरी रु.२४६२५१.६२ खर्च भएको छ। एम्वुलेन्स संचालन गर्दा आम्दानीको तुलनामा रु.१२५५३०.६२ बढी खर्च भएको छ। अतः एम्बुलेन्स संचालन बाट हुने आम्दानीलाई व्यवस्थापन गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

४५.२ पालिका भित्र के कती संख्यामा ठूला उद्योगहरु संचालनमा आएका छन् पालिका रेकड राखेको पाइएन। पालिकाभित्र संचालनमा आएका उद्योग धन्दाबाट पालिकाका कर्मचारीङहरु र जनताको हितकोलागि सामाजिक दायित्व अन्तर्गत पर्ने लगानी वा विकास निर्माणको रकम छुट्याएको नपाइएकाले पालिकामा संचालित उद्योगलाई पालिकाले अनुगमन नियमन साथै रेकड राखी राजश्व संकलन गर्नुपर्ने देखिन्छ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

४५.३ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१८०००। कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन्। आ.ब २०७९।८० मा जम्मा ६८ व्यवसाय दर्ता भएको मध्ये १५ वटा मात्र नविकरण भएको छ। गत विगत वर्षको कती व्यवसाय दर्ता भए रेकड राखेको पाइएन साथै पालिका भित्र संचालनमा रहेका ठूला उद्योग संचालन संख्या समेत रेकड राखेको पाइएन भने ३ वटा मात्र ठूला व्यवसाय दर्ता भएको विवरण पालिकाले पेश गरेको छ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

४६ **कार्यदेश बेगर भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को दफा ९८ को उपदफा १ बमोजिम सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारिले पुर्व स्विकृति लिनुपर्ने व्यवस्था छ। वडा नं ४ का वडा सचिव श्री संतोष कुमार नेपालीलाइ वडा नं ४ को नालाहरुको सरसफाई कार्यक्रमको लागी भौचर नं ६०।०७९।६।१३ बाट रु ९३४०३ भुक्तानी गरेको देखियो । कार्यदेश बिना भुक्तानी भएको रकम सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.

| | असुल गर्नुपर्ने | ९३४०३ |
|---|---|---|

४७ **सिलाई कटाइ तालिम** - पालिकाबाट २०७९। फाल्गुन १- चैत्र मसान्त सम्म ६० दिन तालिम संचालन गरी स्काइ फाउन्डेशन लाई रु.४९६६३५ भुक्तानी गरेको छ। परामर्शमदाताले प्रस्तावमा अनुगमन भत्ता मु.अ.कर समेत रु.१४१२५। को व्यवस्था गरेको छ।परामर्श दाताले अनुगमन भत्ता

विल भर्पाइका आधारमा भुक्तानी गर्नु पर्नेमा मु.अ.कर विजकमा समावेश गरि भुक्तानी गरेको पाइएकाले विल भर्पाइ वेगर भुक्तानी भएको रकम सम्वन्धित संग असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४१२५ |

४८ **कोटेशन मार्फत निर्माण कार्य** - पालिकाबाट यस वर्ष पालिबाट निमन्नानुसारका कार्यहरु कोटेशन मार्फत ८७ वटा योजनाहरुको काम गराई रु.४६६८९५६३। खर्च लेखेको पाइयो। अतः एकै प्रकारका कामको एकमुष्ट लागत अनुमान बनाइ बोलपत्रको माध्यमबाट निर्माण कार्य गर्नु उपयुक्त देखिन्छ। यसका केही उदाहरणहरु

| सिन | योजना/कार्यक्रमहरुको नाम | संस्था/फर्मको नाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|---|
| १ | डिजिटल बोर्ड निर्माण | सहनी ब्रदर इन्टरप्राइजेज | ५००००० | ४९५९९९ | ९९.२० |
| ३ | मा वि विद्यालयहरुमा डिजिटल बोर्ड जडान | ईफ्राज इन्टरप्राइजेज | १०००००० | ९९५९८२ | ९९.६० |
| ४ | मा वि विद्यालयहरुमा प्रोजेक्टर र कम्प्युटर वितरण तथा सबै विद्यालयहरुमा इन्टरनेट र इहाजिरि जडान | द कम्प्युटर हव | १०००००० .०० | ९९९४८५.०० | ९९.९५ |
| ५ | भोजभगत मावि र नेरामावि बुनियादमा सिसिटिभि क्यमरा जडान | इजि आइ टि सलुसन | १०००००० .०० | ९९२१८८.०० | ९९.२२ |
| ६ | सार्वजनिक स्थानमा सी सी टि भी जडान | स्मार्ट आई टि इन्टरप्राइजेज | ८००००० .०० | ७८४९२५.०० | ९८.१२ |
| ७ | आक्समिक ग्रेभल भंण्डारण तथा सडक मर्मत संभार | चन्दन कन्स्ट्रक्सन | ९००००० | ७३२४२८ | ८१.३८ |
| ८ | रामपुर स्वास्थ्य चौकीको चर्पी लगायत सम्पुरण भवनको मर्मत सम्भार | चन्दन कन्स्ट्रक्सन | ५०००० | ४६९१५६.०० | ९३.८३ |
| ९ | भोजभगत मा.वि.मा वडा कार्यालय र स्वास्थ्यचौकीको कार्यालय व्यवस्थापन मर्मत | रौशन निर्माण सेवा | ८०००० | ७९७६४२.०० | ९९.७१ |
| १० | आसमहम्दको घर देखि पश्चिम दक्षिण विर्ताको मुल बाटो सम्म पक्की नाला र बाटो ढलान | आरती निर्माण सेवा | १०००००० | ९९९६२७.०० | ९९.९६ |
| ११ | महेन्द्र पटेलको घर देखि उत्तर रुदल साहको घरसम्म बाटो ढलान | एन एन कन्स्ट्रक्सन | १०००००० | ९०७३५१.०० | ९०.७४ |
| १२ | मुनि दासको घरदेखि मदन पटेलको घरसम्म नाला निर्माण तथा बाटो ढलान | प्रगती कन्स्ट्रक्सन | १०००००० | ९६४९७९.०० | ९६.५० |
| १३ | गाउँपालिका भरी भेपर लाइट | ईभान इनरजी सोलुसन प्रा लि | १०००००० .०० | ९७६६००.०० | ९७.६६ |
| १४ | सिचाई को लागि नहर कुलो मर्मत | अंकित निर्माण सेवा | १०००००० .०० | ९३८८५३.०० | ९३.८९ |
| १५ | वडा नं ५ मा रमेन्द्र कुमारको घर देखि रमेशको घर सम्म सडक ढलान | जय महा निर्माण सेवा | ३००००० .०० | २८४१०१.०० | ९४.७० |
| १६ | कलैया रोड र नौतन गाउँकव ढलान रोड विचमा अजय प्रजापतिको घर हुदै शैकर साह बिबेक गुप्ताको जग्गा सम्म ग्रेभल तथा ढलान | सुनौलो नेपाल कन्स्ट्रक्सन | १०००००० .०० | ९३३७८०.०० | ९३.३८ |
| १७ | बिनोद साहको घर देखि पुर्व बाटो ढलान | लभित कन्स्ट्रक्सन | ४००००० .०० | ३७३१३८.०० | ९३.२८ |
| १८ | बाईपास रोड हनुमान मन्दिर पश्चिम टोलमा मकेन्द्र मिश्राको घर देखि दक्षिण बैधनाथ श्रीवास्तवको घर सम्म माटो ग्रेबल | एन एन कन्स्ट्रक्सन | १०००००० .०० | ९३७९७९.०० | ९३.८० |
| १९ | वडा नं २ मा नगिना जिको मुर्गी फार्म देखि फर्मको नहरसम्म माटो पुर्ने | शिव कन्स्ट्रक्सन | १०००००० .०० | ९२९९५१.०० | ९३.०० |
| २० | रामनाथको घर देखि पुर्व हुदै उत्तर तर्फ महेश दुवेको घर हुदै झा जी को घर सम्म सडक ढलान | आर एस कन्स्ट्रक्सन | १०००००० .०० | ९३७९५४.०० | ९३.८० |
| ३५ | रामबहादुर पटेलको घर देखि पुर्व ध्रुव पटेलको मिल र डबरी सम्म पश्चिम नाला तथा ढलान वडा नं. ४ | कंकाली निर्माण सेवा | ८००००० .०० | ७४९६५२.०० | ९३.७१ |
| ३६ | रामऔतार महतोको घरदेखि पुर्व जाने बाटोमा दुवै साईडमा नसीव मियाको घरसम्म स्लेभ निर्माण वडा न ४ | हनुमान कन्स्ट्रक्सन | १०००००० .०० | ९१६४७४.०० | ९१.६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | विनोद पटेलको घरदेखि पूर्व जाने नहर सम्म नाला तथा ढलान वडा नं. ४ | कृष्णा निर्माण सेवा | ५०००००.०० | ४७२२५२.०० | ९४.४५ |
| ३८ | रामपुर मा.बि.मा शौचालय निर्माण | चौधरी निर्माण सेवा | १००००००.०० | ९३९४८४.०० | ९३.९५ |
| ३९ | माछा मासु बजार ढलान तथा अन्य व्यवस्थापन | आयुष कन्स्ट्रक्सन | १००००००.०० | ९४८७४९.०० | ९४.८७ |
| ४० | वडा नं ५ वडा कार्यालयको छेउमा रहेको पोखरीको घाटमा सिढी निर्माण | ॐ सराफ निर्माण सेवा | १००००००.०० | ९३८९०१.०० | ९३.८९ |
| ४१ | शिवपुर टोलमा शिव मन्दिरको कम्पाउन्ड तथा गेट निर्माण वडा नं. ४ | प्रकाश निर्माण सेवा | ५०००००.०० | ३२६६९६.०० | ६५.३४ |
| ४२ | भरत केशरिको घरदेखि मेनरोड सम्म ढलान कार्य | श्रीराम कन्स्ट्रक्सन | ५०००००.०० | ३६९९२४.०० | ७३.९८ |
| ४३ | वडा नं १ को वडा कार्यालयको प्रखाल निर्माण | ऋषभ कन्स्ट्रक्सन | १००००००.०० | ९४३८०१.०० | ९४.३८ |

सैद्धान्तिक बेरुजु

४९ **लागत अनुमान तथा स्पेशिफिकेशन वेगर खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा खरिद कार्य पुर्व लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ।सावजनिक स्थानमा सि.सि.टि.भि जडान कार्य स्मार्ट आइटी इन्टरप्राइजेज बाट जडान गराइ भौ.१४४-०७९।१२।२ रु.७८४९२५। भुक्तानी भएको छ। सि सि टि भि जडान पुर्व सामानको स्पेसिफिकेशन तथा लागत अनुमान तयार गरी खरिद गर्नु पर्नेमा कोटेशन माग गरि कम कबोल गर्ने सँग खरिद गरेको पाइयो। अतः सार्वजनिक खरिद नियमावली वपरित गरेको खरिद नियम सम्मत देखिएन।

सैद्धान्तिक बेरुजु

५० **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलफ २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिदन यमावली २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापि कितावमा प्रमाणित भएको आधारमा भुक्तानी हुनु पर्ने व्यवस्था छ। जिल्ला दर रेटमा OPC सिमेन्टको को रु.७५०। र PPC सिमेन्टको रु.६७० स्विकृत भएको अवस्थामा पालिकाबाट संचालनमा आएका निम्न योजनाहरुमा दर विश्लेषणमा OPC सिमेन्ट राखेको तर विल PPC सिमेन्टको को प्रयोग प्रयोग गरेकाले बढी भुक्तानी भएको रकम सम्वन्धित सँग असुल गर्नु पर्ने रु.

| भौ मिति | योजनाको नाम | कामको विवरण | भुक्तानी भएको दर | भु हुनु पर्ने दर | प्रयोग भएको सिमेन्ट बोरा | फरक दर | बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|
| २०-०७९/६/१३ | स्मशान घाटको कम्पाउण्ड वाल निर्माण | Providing and laying in position ciment concret 1:3:6(10.09 cum) | ६७० | ७५० | ४४.३९ | ८२ | ३६४० |
| | | Reinforcement of cement concrete 1:2:4 | | | २५४.९७ | ८२ | २०९०८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | | | | २४५४८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४५४८ |

५१ **कजवे निर्माण वडा नं.१ वुनियाद** - समपुरक बजेट अन्तर्गत लागत अनुमान रु.७३८७९२४०। भएको निर्माण कार्य मिति २०८०।२।३० रु.३७६४९८४। मा सम्पन्न गर्ने गरी अंकित निर्माण सेवा सँग मिति २०७९।११।१६ मा संझौता भएको थियो।समपुरक वजेटबाट प्राप्त वजेट मध्ये निर्माण कार्यको भौ.२७४-०८०।३।२२ बाट प्रथम तथा अन्तिम विलको भुक्तानी रु.३७५१३६१। तथा कन्टिन्जेन्सी रु.९९०००। गरी जम्मा रु.३८५०३६१। खर्च भएको छ। समपुरक वजेट अन्तर्गत रु.२००००००। वजेट प्राप्त भएकोमा जम्मा भएको खर्च रु.३८५०३६१। को पचास प्रतिशत रु.१९२५१८०। मात्र खर्च गर्नु पर्नेमा प्राप्त वजेट पुरै खर्च गरेकोले कार्यक्रमा भएको जम्मा खर्चको आधा भन्दा बढी खर्च रु.७४८२०। प्रदेश वजेटबाट बढी भुक्तानी भएकाले सो रकम बेरुजु दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४८२० |

५२ **इट्टाको प्रयोग** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्विकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नु पर्ने व्यवस्था छ। यस गाउँपालिकाले भवन निर्माण पर्खाल निर्माण भवन विभागको नर्म ग-c२ गारो लगाउने काममा इटाको सख्या राख्दा साइज अनुसारको अडकल गरि थपघट गर्न मिल्ने व्यवस्था छ। गाउँपालिकामा प्रयोग भएको इटाको साइज नर्म्स भन्दा ठूलो साइजमा २३*११.५*६.५ से मि रहेकोले सोलाई ध्यान नदिइ नर्म्समा दिएको ५६० वटा इटा लाग्ने गरी लागत अनुमान तयार पारी भुक्तानी गरेको छ। गाउँपालिकाबाट संचालित निम्न योजनाहरुमा ५०० वटा इट्टा लाग्ने देखिन्छ। तर गाउँपादलिकाले कुनै आधार वेगर जिल्लामा उपलब्ध इटाको साइजलाई ध्यान नदिइ एक घनमिटरको गाह्रोमा ६० ईट्टा बढि लाग्ने गरि लागत अनुमान तयार गरी सोही आधारमा मुल्याङ्कन समेत गरी प्रति इट्टा रु.१४ का दरले एक घन मिटरमा रु.८४० बढी भुक्तानी भएको छ। नमुना छनौट गरिएका केही योजनाहरुमा देहाय बमोजिम बढी भुक्तानी भएको अनियमित देखिएको रु.

| भौ मिति | योजनाको नाम | ईट्टाको गाह्रोको परिमाण | प्रति घनमिटर बढी भुक्तानी | बढी भुक्तानी रकम | १० प्रतिशत श्रमदान पछी |
|---|---|---|---|---|---|
| २१-०७९/६/१३ | अधुरो दलित धर्मशाला निर्माण उ.स | १९.८३ | ८४० | १६६५७ | १४९९१ |
| २०-०७९/६/१३ | स्मशान घाटको कम्पाउण्ड वाल निर्माण | ७२ | ८४० | ६०४८० | ५४४३२ |
| | जम्मा | | | | ६९४२३ |

| | |
|---|---|
| अनियमित भएको | ६९४२३ |

५३ **ट्रेनिङ हल निर्माण** - लागत अनुमान रु.२३८५१७८।१० भएको निर्माण कार्य रु.२५७२१७६।४६ मिति २०८०।२।३० मा सम्पन्न गर्ने गरि मिर्माण व्यवसायी पटेल कन्ष्ट्रक्सन सँग मिति २०७९।१०।९ मा संझौता भएको थियो। संझौता अनुसार रु.२५७२१७६।४६ मा काम गर्ने उल्लेख भएता पनि रु.२७९३२४५।को कार्य सम्पन्न गरेको छ। काम थप गरी कार्य सम्पन्न गर्दा भेरिएसन आदेश बाट थप काम गराउनु पर्नेमा भेरिएसन आदेश वेगर लागत अनुमाननै नयाँ बनाइ काम गरेको पाइयो। मिति २०८०।२।२५ को कार्यपालिकाको निर्णयले रिभाइज लागत अनुमान गरी नयाँ लागत अनुमान रु.३०३५७८४।६ तयार गरेको पाइयो। यसरी भेरिएसन आदेश स्विकृत वेगर भुक्तानी भएको रु.२७९३२४५। नियम सम्वत देखिएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५४ **परामर्स तथा डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** |
|---|---|---|---|
| ट्रेनिङ्ग हल DPR | Arik Engineering and constancy plt. | १० लाख | ९८८७५० |
| बुनियाद र रामपुर जोडने बाटो | Arciteck desingers plt | १० लाख | ९९१२२४ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५ **कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावलीको नियम ११७(२)क मा निर्माण कार्यमा निर्माण कार्यको कम्तीमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप आयोजना सामान्य प्रयोगमा आएको आवस्था भएका सम्वन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले उपनियम २ बमोजिम कार्यस्विकार बनाउन सक्ने उल्लेख गरेको छ। शिवपुर टोलमा शिव मन्दिरको कम्पाउन्ड वाल तथा गेट निर्माण वडा नं ४ निर्माण कार्य रु.४६९३८२।मा प्रकाश निर्माण सेवाले गर्ने गरि सांझौता गरेको पाइयो। निर्माण व्यवसायिले रु.३२८६९.२६ (७०.०३) कार्य सम्पन्न र २९.९७ प्रतिशत काम बाँकी रहेको अवस्थामानै कार्य स्विकार तयार गरेको पाइयो।अतः सार्वजनिक खरिद नियमावली विपरित कार्यस्विकार तयार गर्ने पदाधिकारीलाई जिम्वेवार गराइ बाँकी काम गराउनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५६ **टुक्रापारी खरीद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ १(क) मा १० लाख रुपैयाँ सम्मको लागत अनुमान भएको निर्माण कार्यको सोझै गराउन पाउने व्यवस्था छ। पालिकाले प्रतिस्पर्धा सिमित गराउने उदेश्यले १० लाखको मात्र लागत अनुमान गराइ काम गर्ने गरेको पाइयो। प्रतिस्पर्धालाई सिमित हुनेगरी लागत अनुमान गराइ सोझै खरिद गरिने प्रकृयामा नियन्त्रण गरिनु पर्दछ।

| **क सं** | **भौ.मिति** | **निर्माण व्यवसायी** | **निर्माण कार्य** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १ | १८०-०८०/१/२५ | के.एस.मल्टी पर्पोज प्रा.लि | इन्जिनियरिङ्ग इक्युमेन्ट खरिद | ६१८५५० |
| २ | | काव्या ट्रेडिङ्ग कन्सर्न | | ५४३२०३ |
| | | जम्मा | | ११६१७५३ |

सैद्धान्तिक बेरुजु

५७ **उपभोक्ता समिति मार्फत कार्यालय भवन**

निर्माणः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति मार्फत गरेकोकाम सार्वजनिक निकायले सोको रेखदेख र मर्मत सम्भाग गर्ने जिम्वेवारी तोकि स्वामित्व हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ। पालिकाले स्वामित्व हस्तान्तरण गर्न नमिल्ने आधारभूत स्वास्थय चौकी उपभोक्ता समिति मार्फत रु.४५२४८०६। को काम गराएको पाइयो। अतः पालिकाले उपभोक्ता समिति मार्फत काम गराउँदा उपभोक्ता समितिलाई हस्तान्तरण गर्न सकिने योजनामात्र उपभोक्ता समिति मार्फत गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ। उपभोक्ता समितिले योजनाको संझौता अवधिमा कार्य सम्पन्न गर्नु पर्नेमा संझौता अवधिमा काम समाप्त नभएको अवस्थामा अवधि थप वेगर

रकम भुक्तानी गरेको रु.३०२४८०६। नियमसम्मत देखिएन।

| क सं | भौ.मिती | निर्माण कार्य | उपभोक्ता समिति | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १८८-०८०/१/२१ | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण | १८८०२९२ |
| २ | ३३-०७९।७।१८ | | | ११४४५१४ |
| | | जम्मा | | ३०२४८०६ |

सैद्धान्तिक बेरुजु

५८ **अधुरा आयोजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु. १४३४१८९९.४८ का २ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ। सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन्। यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ।

| **क सं** | **निर्माण कार्य** | **निर्माण व्यवसायी** | **सम्झौता मिति** | **सम्पन्न गर्नु पर्ने** | **सिंझौता रकम** | **यो वर्ष सम्मको खर्च** | **भतिक प्रगती** |
|---|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका भवन निर्माण | सुमित एण्ड अमित कन्स्ट्रकस्सन | २०७९/१०/२९ | २०८०/३/२५ | १०९६१६६२.१९ | ४४००००० | ४०.१३ |
| २ | बजार भवन निर्माण | संजित कन्ष्ट्रक्सन | २०७९/१०/२९ | २०८०/३/२५ | ३३८०२३७.२९ | १४०२७३० | ४१.४९ |
| | | | जम्मा | | १४३४१८९९.४८ | | |

सैद्धान्तिक बेरुजु

५९ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक

नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। निम्नानुसार सञ्चालित योजनाको ठेक्का बिलहरुमा नापि किताव र कार्य सम्पन्न तयार भुक्तानी दिएको पाइयो। नापि तथा कार्य सम्पन्न भुक्तानी गर्नु पर्ने रु

| भौ मिति | विवरण | निर्माण पक्ष | भुक्तानी रकम |
|---|---|---|---|
| ३१-०७९/७/३ | असमहम्मदको घर देखि पश्चिम दक्षीण विर्ताको मुल बाटो सम्म पक्की नाला र बाटो ढलान कार्यमा विद्युत पोल सार्ने कामर्य गरेकोझ | आर पि निर्माण सेवा | ४५१९४.६६ |
| | भिखारी महत्तोको घर देखि पूर्व बाटोमा शंखर शाह तेलिको घर सम्म नाला निर्माण कार्यक्रम मा विद्युतको पोल सार्ने काम गरेको | के एण्ड टी कन्ष्ट्रक्न | ६४००६ |
| | जम्मा | | १०९२००.६६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०९२०० |

## ६० मुसहर नगरको पुल निर्माण

६०.१ लागत अनुमान रु.२०१२४६२। भएको ट्रेनिङहल निर्माण कार्य रु.२८६९४०७। मिति २०८०।२।३० मा सम्पन्न गर्ने गरी रमन कन्ष्ट्रक्सन सँग मिति २०७९।११।१६ मा संझौता भएको थियो।यस निर्माण कार्यको अन्तीम भौ २२०-२०८०।२।११ बाट रु.१०८४५०८। भुक्तानी हुँदा योजनामा जम्मा रु.२६८२०३०। भुक्तानी भएको छ। ट्रेनिङ हल निर्माण कार्यको लागि एकमुष्ट लागत अनुमान बनाइ बोलपत्र मार्फत कार्य गर्नु पर्नेमा एउटै कार्यकालागी टुक्रा पारि प्रेत्यक वर्ष फरक फरक लागत अनुमान तथा वजेटको व्यवस्था गरि निर्माण कार्य गरेको पाइयो।यस निर्माण कार्यकोलागि आ.ब २०८०।०८१ मा रु.३७०००००। को व्यवस्था गरेको पाइयो।अतः निर्माण कार्यको एकमुष्ट लागत अनुमान तथा वजेटको व्यवस्था गरि कार्य गराउँदा प्रभावकारी हुँने हुँदा त्यस तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६०.२ डण्डीमा संझौता अनुसार ४८५१.९८ के जि रु.६५५०१९.९ का गरि भुक्तानी हुनु पर्नेमा रिभाइज लागत अनुमान तयार गरी ६३१७.३६ केजि काम गरी रु.८५२८४३।९२ को काम गरि भुक्तानी भएको छ। जुन आइटम मा ३०.२० प्रतिशतले बढेको पाइयो।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६१ **शिक्षा भवन निर्माण** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता २०६० अनुसार गर्नु गराउनु पर्ने स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । जनता मा वि रामपुर टोकनी लाइ २ कोठे भवन निर्माण अनुदान रु.२१८२५००। दिएकोमा रु.१९९८६५७। को कार्य सम्पन्न पेस भएकोले निकासा भइ संघिय सरकारमा फिर्ता गर्न बाँकी रहेको रु.१८३८४३। संघिय खातामा दाखिला गर्नु रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८३८४३ |

६२ **कार्य सम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली २०६४को नियम ११०(४) अनुसार सम्झौता गर्नु पर्व त्रुटी सच्याउने अवधि सम्मको भन्दा कम्तिमा १ महिना बढी परफरमेन्स बैक ग्यारेन्टी भएको हुनु पर्ने व्यवस्था छ। निम्न कामका निर्माण व्यसायिहरुले तोकिएको समय भन्दा कम अवधिको बैङ्क ग्यार्नेटी राखी संझौता गरेको साथै म्याद थप गर्दा बैक ग्यारेन्टीको म्याद थप गर्ने गरेको पाइएन । अतः कार्यसम्पादन जमानतको बैक म्याद थप गरी प्रमाण पेश गर्नु पर्दछ। गत वर्षमा पनि यस व्यहोरा औल्याएकोमा हालसम्म सुधार भएको नपाइएकोले यसमा पालिकाको विषेश ध्यान जानु पर्ने देखिन्छ।

| निर्माण कार्य | निर्माण व्यवसायी | संझौता रकम | काम सम्पन्न गर्नु पर्ने अवधि म्याद थप समेत | बैक जमानतको अवधि | जमानतको हुनु पर्ने अवधि | नपुग अवधि | कार्यसम्पादन जमानत रकम |
|---|---|---|---|---|---|---|---|
| श्री ने रा आधारभूत विद्यालय चैनपुर | अंकित निर्माण सेवा | ३७९५२१५.४३ | २०८०/२/३० | २०८०/१२/१६ | २०८१/३/६३० | ३.५ महिना | १९०००० |
| असमहम्दको घरदेखि पश्चिक दक्षिण विर्ताको मुल बाटो सम्म पक्की नाला र बाटो ढलान | आर पि निर्माण सेवा | ९४४४३३ | ०७९।७।१५ | ०८०।५।१५ | ०८०।८।१५ | ३ महिना | ४२००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६३ **कानूनी सल्लाहकारलाई पोशाक खर्च** - (४२०-२०७९-१२-३०)दरबन्दी वेगर कानूनी सल्लाहकार

मो. रफिक मियाँलाई पोशाक खर्च वापत रु.१००००।०० भुक्तानी दिएकोले कानूनी सल्लाहकारलाई पोशाक खर्च दिने आधार नभएकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०००० |

६४ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार संयोजग रोजगार सहायक तथा रोजगार प्राविधिकलाई तलब वापत रु.७५६५०९। र सुधृढिकरणमा रु.१४२०३२। गरि जम्मा रु.८९८५४१। खर्च भएकोमा पालिकामा योजना संचालन गर्नका लागि वजेट प्राप्त नभएकाले योजना संचालनमा खर्च गरेको पाइएन। नेपाल सरकारबाट तलब भत्तामा मात्र खर्च गर्ने तथा योजना कार्यक्रम हुन नसक्ने गरी कर्मचारी नियुक्त गरि खर्च गर्नु उचित देखिएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६५ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि अनुदान तर्फ रु.५३२६९०५। र पशु अनुदान तर्फ रु.७००००० गरी जम्मा रु.८०२६९०५। अनुदान खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६६ **प्रतिव्याती लागत अनुदानको रकम बढी निकसा -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।९९ को क्रियाकलाप नं २.७.१३.३. मा प्रत्येक सामुदायीक बिधालयको बालविकास/ पुर्व प्राथमिक कक्षा (कक्षा १) (कक्षा १-५) (कक्षा ६-८) (कक्षा ९-१०) र कक्षा (११-१२ ) तहका विधार्थीको सङख्या एकीन गरी तह अनुसार निर्धारण गरिएको प्रती विधार्थी लागत रकमले गुणन गरी आएको अङक बराबरको रकम विधालयलाइ एकमुष्ठ अनुदान दिने व्यवस्था छ । पालिकाभित्रका ९ वटा विधालयहरुको ।EMIS प्रविष्टीको तथ्याङक परीक्षण गर्दा देहाएका विधालयहरुलाइ प्रति विधार्थी लागतको रकम बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धीत विधालयबाट असूल गर्नुपर्ने रु.

| सि.न | विधालयको नाम | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| १ | ने.रा.आ.बि. बहुअरी | २९१५० | २६१५० | ३००० | कक्षा (१-५) मा २० जना बढि |
| २ | ने.रा.मा.बि. बुनियाद | १८५९५० | १७५००० | १०९५० | कक्षा (१-५) मा ७३ जना बढि |
| ३ | भोजभगत मा.वि. लिपनि माल | २६३८०० | २४३३५० | २०४५० | कक्षा (१-५) मा ९७ र (६-८) मा ३० जना बढि |
| ४ | जनता मा.वि. रामपुर टोकनी | ३०२५५० | २९५९५० | ६६०० | कक्षा (१-५) मा ४४ जना बढि |
| | जम्मा | | | ४१००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१००० |

६७ **सेनेटरी प्याड खरिद** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.२३ बमोजिम कक्षा ६ देखि १२ सम्मका सबै छात्राहरुलाई निशुल्क वार्षिक १० महिनाको लागि सेनेटरी प्याड वितरण गर्ने व्यवस्था गरेको छ । सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले कोटेशनबाट १९३०० प्याकेट सेनिटरीप्याड खरिद गरि रु. ११२५४८० भुक्तानी गरेको छ ।खरिद कार्यका लागी कोटेशन माग गर्दा स्पेशिफिकेसन नखुलाइ माग गरेको तथा छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग जोडिएको यस्तो खरिद कार्य आर्थिक वर्षको सुरुमा गरी समयमै वितरणको व्यवस्था मिलाउनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद गरेको देखिन्छ।कक्षा ६ देखि १२ सम्मका छात्रा र ६ कक्षा भन्दा तल्लो कक्षामा माग भए बमोजिम विद्यार्थी संख्या विद्यालयसंग माग गरी सोही संख्याको आधारमा खरिद गर्नुपर्नेमा सो गरेको पाइएन।पालिकाले सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखे नराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ। सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधी २०७६ को दफा ३१ अनुसार विद्यालयले चौमासिक रुपमा कार्यक्रम कार्यान्वयनको चौमासिक विवरण स्थानीय तह र समाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेमा पठाएको देखिएन।यसतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६८ **शिक्षक दरबन्दी पदपुर्ती** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| बिधालय संङख्या | शिक्षक दरबन्दी | स्थायी पदपुर्ती | करार पदपुर्ती | बिधार्थी संङख्या |
|---|---|---|---|---|
| ९ | ७४ | ७२ | २ | ४२५३ |

यस सम्बन्धमा निम्नानुसार देखिएको छ ।

९ विद्यालयमा ७४ शिक्षक दरबन्दी रहेकोमा ७२ पदमा स्थायी पदपुर्ती भएको २ जना करारमा शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ ।

विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विधालय बाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६९ **आन्तरिक राजश्व तर्फ**

६९.१ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा **५५ ५७ ५८** र **५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा भाडा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | ५००००० | ० | ० |
| घरजग्गा वहाल कर | १६९५०००० | १३२८७७९४ | ७८।३९ |
| व्यवसाय कर | ७००००० | १२८००० | १८।२८ |
| वहाल विरौटी शुल्क | १३००००० | ३२०९७४० | २४६।९ |

| सैद्धान्तिक बेरुजु |
|---|

६९.२ **सवारी कर** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ मा पालिकले आफ्नो क्षेत्र भित्रका

सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६९.३ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ बमोजिम सिनेमा भिडियो हल सांस्कृतिक प्रदर्शन हल संगीत थियटर मनोरञ्जन प्रदर्शन स्थल ऐतिहासिक स्थलको शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले मनोरञ्जन कर राजस्व असुली शुन्य देखियो । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६९.४ **राजश्व दाखिला गर्नुपर्ने -** आन्तरिक राजश्व आज प्राप्त भएपछि त्यसको भोलि पल्ट दाखिला गर्नु पर्नेमा भोलि पल्ट दाखिला गर्न नसकिएमा असुली भएको १५ दिनभित्र दाखिला गर्नुपर्नेमा दाखिला गरेको देखिएन। पालिकाले निम्नानुसारका असुली गरी आन्तरिक राजश्व खातामा दाखिला गर्नुपर्ने रु.

| क.सं. | नाम र पद | असुली रकम | दाखिला रकम | दाखिला गर्नुपर्ने |
|---|---|---|---|---|
| १ | वडा सचिव संतोष कुमार नेपाली | ५६२९४१ | ४३६४६४ | १२६४७६ |
| २ | एम्बुलेन्स चालक | ८७०० | ७७०० | १००० |
| | जम्मा | | | १२७४७६ |

| असुल गर्नुपर्ने | १२७४७६ |
|---|---|

६९.५ **राजस्वको अभिलेख -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।कार्यालयले यस वर्ष राजश्व आम्दानी तर्फ म.ले.प.फ.नं.१०८ ले राजश्व आम्दानीको बैंक नगदी किताब र म.ले.प.फा.नं.१०८(क) राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता राखेको देखिएन। ऐनको व्यवस्था अनुसार म.ले.प.फ.नं.१०८ र म.ले.प.फा.नं.१०८(क) फारम राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ ।यस वर्ष नगदी रसिदबाट असुल गरेको सिफारिस दरस्तुर र मालपोत वापतको रु.१२७४४७२।००

आम्दानी गरेकोमा सोको रसिद नम्बर अनुसार दैनिक आवर्जे नराखेबाट असुली गरी आम्दानी गरेको रकम एकिन हुन सकेन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७० **मोबाईल वितरण तर्फ -** (२९३-२०७९-१०-२२) मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन२०७७ वमोजिम उल्लेख गरिएको सेव सुविधा वाहेक अन्य सुविधा दिन नमिल्ने व्यवस्था छ । त्यस्तै प्रदेश खर्च मापदण्ड निर्देशिका२०७७ वमोजिम कर्मचारीहरुलाई मोबाईल वितरण सम्बन्धि व्यवस्था नभएकोले पालिकाले भिभो वाई १६ मोबाईल २७ थान खरिद वापत शुभम मोबाईल सेन्टरलाई रु.६२५४५५।०० भुक्तानी गरेको देखियो।पदाधिकारीलाई मोबाईल वितरण गरेकोले मोबाईलको मूल्य बमोजिमको रकम सम्वन्धित पदाधिकारी सँग असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६२५४५५ |

७१ **गाडी भाडा** - मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन२०७७ को दफा ४ मा स्थानीय तहका गाउँपालिका उपाध्यक्षलाई मासिक रु.१४५००। का दरले सवारी यातायात भत्ता भुक्तानी दिने व्यवस्था छ। गाउँपालिकाले उपाध्यक्ष श्री सुगान्धी देवी कनुईनको लागि निम्नानुसार सवारी भाडामा लिई यस वर्ष उद्देश्य र प्रयोजन नखुलाई दैनिक रु.४५००।दरले रु.२०९०००।भुक्तानी दिएको छ।पालिकाबाट यातायात भाडामा लिएको महिनामा मासिक यातायात सुविधा उपलब्ध गराएको नदेखिएतामपनि व्यक्तीको इच्छा अनुसार कुनै समय मासिक यातायात सुविधा तथा कुनै महिना गाडी भाडामा लिइ भाडा भुक्तानी गरेको पाइयो।अतः खर्चमा एकरुपता हुनु जरीरी देखिन्छ। यसरी कुनै समय मासिक सुविधा तथा कुनै समय गाडी भाडामा लिइ खर्च लेखिनु नियम सम्वत नदेखिएको रु.

| गो.भौ.नं | भुक्तानी पाउने | विवरण | रकम |
|---|---|---|---|
| ६४।०७९।६।१३ | गा.पा.उपाध्यक्ष सुगान्धी देवी कनुईन | गाडी नं र मिति नखुलाई | १०८००० |
| ३३२।०७९।११।८ | गा.पा.उपाध्यक्ष सुगान्धी देवी कनुईन | गाडी नं र मिति नखुलाई | १०१००० |
| | जम्मा | | २०९००० |

| | |
|---|---|
| अनियमित भएको | २०९००० |

७२ **पदाधिकारीलाई पेश्की -** स्थानीय सरकार संचालन ऐन२०७४ का अनुसार निर्वाचित पदाधिकारी मार्फत कार्य गराउनुपर्ने व्यवस्था नभएकोले पालिकाले निम्नानुसारका पदाधिकारीलाई पेश्की रु.६२५०००।०० दिई विलको आधारमा पेश्की फछ्र्यौट गरेकोले अनियमित देखिएको रु.

| क्र.सं. | पदाधिकारीको नाम र पद | प्रयोजन | पेश्की रकम |
|---|---|---|---|
| १. | का.पा.सदस्य चिन्ता देवी पासवान | छठ पूजा गर्नका लागि | १२५००० |
| २. | का.पा.सदस्य लक्ष्मीना देवी नुनिया | छठ पूजा गर्नका लागि | १२५००० |
| ३. | का.पा.सदस्य जगदिश राम | छठ पूजा गर्नका लागि | १२५००० |
| ४. | का.पा.सदस्य महन्थ राम हरजन | छठ पूजा गर्नका लागि | १२५००० |
| ५. | का.पा.सदस्य लालबाबु साह तेली | छठ पूजा गर्नका लागि | १२५००० |
| | जम्मा | | ६२५००० |

| अनियमित भएको | ६२५००० |
|---|---|

७३ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी रु.४४७०००००।०० भुक्तानी दिएको छ । गतवर्षको भुक्तानीको दायित्व सृजना नहुने गरी पालिकाले कार्य गरी सोहि आ.ब.मा भुक्तानी दिने तर्फ ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७४ **गैरसरकारी संस्थाबाट कार्य गराउने -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ वमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम समयावधि कामको गुणस्तर जनशक्ति कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्नेछ सार्वजनिक निकायले १० लाख सम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखि प्रचलित कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई १५ दिन भित्र राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ।त्यस्तैप्रदेश खर्च मापदण्ड

निर्देशिका२०७७ को दफा ७ गैर सरकारी संघ संस्थाले प्रदेशभित्र कार्यक्रम संचालन गर्दा दोहोरो नपर्ने गरी प्रदेश सरकारले तोकेको निकायको अनुमति लिएर कार्यक्रम संचालन गर्नुपर्ने संस्थाहरुले गरेको कामहरुमा बढी नतिजा प्राप्त गर्न मितव्यिय तरिकाले गर्ने र गैर सरकारी संस्थाको वित्तीय तथा भौतिक प्रगतिको निरीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका गैरसरकारी संस्थालाई मौजुदा सूचीमा समावेश नगरी सोझै भुक्तानी दिएकोले यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.नं ।मिति | संस्थाको नाम | विवरण | रकम |
|---|---|---|---|
| २६।०७९।६।२ | सांस्कृति एवम् सामाजिक विकास क्लब | बालबालिका नेतृत्व विकासको तालिम | २६०००० |
| ५४१।०८०।२।३२ | सृजनशिल व्यवसाय तालिम केन्द्र प्रा.लि. | एकै पटक ३ वटा तालिम संचालन गरे वापत | ११९७८०० |
| ६६९।०८०।३।२१ | राष्ट्रिय जनचेतना विकास केन्द्र | सिलाई कटाई तालिम | ४८४१३५ |
| ६७७।०८०।३।२२ | तराई डेभलपमेन्ट फाउन्डेशन नेपाल | एकल महिलाहरुलाई आय आर्जन सम्बन्धि तालिम | २४९६०० |
| १९०।०७९।९।१२ | सबल नेपाल तालिम केन्द्र | दलित महिलाहरुलाई शसक्तिकरण तालिम | २४८६४० |
| १७५।०७९।८।२९ | पर्सा डेभलपमेन्ट प्रा.लि. | सेनेटरी पैड बनाउने तालिम | ४९६०७० |
| ९३।०७९।७।३ | पर्सा डेभलपमेन्ट प्रा.लि. | ब्युटिसियन तालिम २० दिने | ४९६६३५ |
| ५५७।०८०।३।४ | ग्रामिण प्रविधि केन्द्र प्रा.लि. | लैंगिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धि तालिम | २९८२०० |
| २९१।०७९।१०।२० | सक्सेस स्किल डेभलपमेन्ट फर्म | लोकसेवाको प्रथम पत्र कक्षा संचालन | ३९८४९४ |
| ३६४।०७९।११।२१ | जन कल्याण डेभलपमेन्ट एण्ड एग्रीकल्चर प्रा.लि. | सरसफाई सम्बन्धि कार्यक्रम | ४९८९५७ |
| ४१८।०७९।१२।३० | सक्सेस स्किल डेभलपमेन्ट फर्म | लोकसेवाको द्धितीय पत्रको कक्षा संचानल गर्न | ३९८४९४ |
| ४०७।०७९।१२।२३ | श्री साथी नेपाल | महिलाहरुको पाठेघर सम्बन्धि चेक जाँच | ५००००० |
| ४३४।०८०।१।४ | सहयोगी नेपाल | सार्वजनिक सुनुवाई | २००००० |
| ४४९।०८०।१।२१ | ग्रामिण शिप विकास तथा | लैंगिक हिंसा न्यूनिकरण लागि | २४८२०० |

| | | | |
|---|---|---|---|
| | परामर्श केन्द्र | महिला पुरुष तालिम। | |
| ५०६।०८०।२।८ | रुरल स्किल डेभलपमेन्ट सेन्टर प्रा लि | महिला सशक्तिकरण सम्बन्धि जनचेतनामूलक तालिम | १९७८७५ |
| ५४१।०८०।२।३२ | सृजनशिल व्यवसाय तालिम केन्द्र प्रा.लि. | प्राविधिक सीपमूलक तालिम र उद्यमीहरुको स्तरोन्नति तालिम | ११९७८०० |
| | जम्मा | | ७३७०९०० |

| सैद्धान्तिक बेरुजु |
|---|

७५ **अग्रिम कर कट्टी नगरेको -** आयकर ऐन२०५८ को दफा ८८(१) अनुसार नेपालमा श्रोत भएको व्यक्तिलाई सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकम १५ प्रतिशत अग्रिम कर तिर्नु पर्ने व्यवस्था छ ।पालिकाले परामर्श तथा अन्य सेवाबाट खर्च लेख्दा निम्नानुसार भुक्तानीमा अग्रिम कर १ प्रतिशत कट्टी भुक्तानी गरेकोले नपुग कर कट्टी गरी असुल उपर गर्नु पर्ने रु.

| गो.भौ.नं.।मिति | भुक्तानी पाउने | भुक्तानी रकम | कर कट्टी रकम | हुनुपर्ने कर | नपुग कर |
|---|---|---|---|---|---|
| विभिन्न | कानूनी सल्लाहकार मो.रफिक मियाँ | १८०००० | १८०० | २७००० | २५२०० |
| १७९।९।१ | कानूनी सल्लाहकार अरुण कुमार दुवे | २०००० | २०० | ३००० | २८०० |
| | जम्मा | | | | २८००० |

| असुल गर्नुपर्ने | २८००० |
|---|---|

७६ **कानूनी सल्लाहकार तर्फ** - प्रदेश खर्च मापदण्ड निर्देशिका२०७७ सेवा परामर्शमा कानूनी सल्लाहकार सम्बन्धि कुनै पनि व्यवस्था नदेखिएकोमा कार्यपालिकाको निर्णय अनुसार कानूनी सल्लाहकार मो. रफिक मियाँलाई विभिन्न मद्दाहरुमा कानूनी सल्लाह दिए वापत मासिक रु.१५०००।का दरले १२ महिना रु.१८००००। भुक्तानी गरेकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ वमोजिम दर्ता प्रमाण पत्र प्राप्त बाट नगरेको देखिएको छ । यस्तो खर्चलाई नियन्त्रण गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **भ्रमण प्रतिवेदन वेगर भुक्तानी -** म.ले.पा.फा. नं ९०९ अनुसार भ्रमण आदेश नं भ्रमण टोली प्रमुख भ्रमण अवधि भ्रमण उपदेश्य सम्पदित मुख्य काम सिकाई तथा उपलब्धिहरु सरांश तथा सुझावहरु सहित भ्रमण पुष्टि गर्ने संलग्न कामकाजको विवरण राखि भ्रमण प्रतिवेदन तयार गर्नुपर्दछ ।पालिकाले निम्नानुसारका पदाधिकारीहरुलाई भ्रमण प्रतिवेदन वेगर भ्रमण गरेकोले पालिकाले भ्रमण प्रतिवेदन तयार गरी भ्रमण गर्नु पर्दछ ।केही उदाहणहरु

| गो भौ न | भ्रमण गर्ने पदाधिकारीको नाम र पद | रकम | मिति | स्थान |
|---|---|---|---|---|
| ६४।०७९।६।१३ | गा.पा.उपाध्यक्ष सुगन्धी देवी कनुईन | ६८०० | २।२४-२८ | बर्दिवास |
| | | ३६०० | ३।२३-२४ | जनकपुर |
| | | ५२०० | ३।१०-१३ | काठमान्डौ |
| | | ६८०० | ४।३-७ | काठमान्डौ |
| | | ५२०० | ५।६-९ | काठमान्डौ |
| | | ५२०० | ५।१५-१८ | काठमान्डौ |
| १९२।९।१२ | गा.पा.उपाध्यक्ष सुगन्धी देवी कनुईन | ३६०० | ६।१२-१४ | जनकपुर |
| | | ५२०० | ७।१५-१८ | जनकपुर |
| | | ५२०० | ८।२५-२८ | काठमन्डौ |
| | | ३६०० | ९।१-४ | काठमन्डौ |
| २९५।०७९।१०।२२ | अध्यक्ष रामक्षेत्री प्रसाद कुर्मी | १०६२५ | १०।१८-२२ | काठमान्डौ |
| ३८६।०७९।१२।९ | वडाध्यक्ष रामेश्वर साह कलवार | ८००० | ११।२६-२९ | काठमान्डौ |

सैद्धान्तिक बेरुजु

७८ **नयाँ धानबाली पकेट विकास कार्यक्रम** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुँदा ४.१.८ बमोजिम पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ।पालिकाले यस बर्ष पकेट विकास कार्यक्रम अन्तर्गत ५० प्रतिशत साझेदारिमा प्रश्ताव आहवान गरी २ ओटा कृषक समुहसंग सम्झौता गरी कार्यक्रम संचालन गरेको देखियो ।पालिकाले परियोजना कार्यान्वयन म्यानुअल अनुसार पकेट क्षेत्रको चार किल्ला निर्धारण नगरेको लक्षित समुदाय।वर्ग छनोटको आधार उल्लेख नगरेको कार्यान्वयन कार्य योजना स्विकृत नगराइ कार्य सन्चालन गरेको तथा अनुसुचि १३ बोजिमको प्रगती प्रतिवेदन र अनुसुचि ७ बमोजिमको पकेट

प्रोफाइल तयारी र अध्याबधिक गरी परियोजना कार्यान्वयन इकाइमा पेश गर्नुपर्नेमा सो कार्य गरेको देखिएन । कार्यविधि बमोजिमको कार्य गरी प्रतिफल सुनिश्चितता गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

७९ **नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत बाख्राको खोर निर्माण** - नवप्रवर्तन कार्यक्रम अन्तर्गत पालिकाले श्रुती एण्ड शिवम कन्ट्रक्सनसंग ०७९।२।१४ मा सम्झौता गरी २२ वटा बाख्राको खोर निर्माण बापत भौचर नं ६७४।०८०।३।२२ बाट कार्यसम्पन्न बमोजिमको रु २२२५१३२.४१ भुक्तानी गरेको छ । २४०५६०७ को लागत अनुमान तयार गर्दा पालिकाले प्रतिखोरको लागत अनुमान तयार गरी कार्यक्रम संचालन गरेको देखियो । नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ बमोजिम संचालित कार्यक्रमहरुको अनुगमन र मुल्याङकन वित्तिय र भौतिक प्रगति र समिक्षा तथा कार्यानवयनको चरणमा सार्वजनिक परीक्षण गर्ने कार्य स्थानिय तहको हो ।पालिकाले खोर निर्माण र हस्तान्तरण पश्चात कार्यक्रम तथा अनुदान रकमको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन ।तसर्थ कार्यक्रमको त्रैमासिक तथा बार्षिक अनुगमन मार्फत लाभग्राहीको जीबनस्तरमा सुधार आएको यकिन हुने गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८० **सामाजिक सुरक्षा तर्फ**

८०.१ **सार्वजनिक सुनुवाई** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ बमोजिम स्थानीय तह तथा वडा समितिले भत्ता सम्बन्धी विषयमा सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासो तथा सुझावमध्ये स्थानीय तहले आफुले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासो तथा सुझाव सम्बन्धका लागि स्थानीय तह प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनु पर्ने व्यवस्था भएकोमा सो बमोजिम सार्वजनिक सुनुवाई भएको देखिएन ।

सैद्धान्तिक बेरुजु

८०.२ **अनुगमन तथा निरीक्षण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २७ बमोजिम मन्त्रालय विभाग प्रदेश मन्त्रालय तथा गाउँकार्यपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्यात्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन। यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन।

सैद्धान्तिक बेरुजु

८०.३ **पारदर्शिता -** सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया भत्ताको दर प्राप्त हुने बैंक लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धि सूचना स्थानीय एफ.एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीय तहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ ।यस वर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : परवानीपुर गाउँपालिका, बारा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मुन्ना साह रौनियार | २०७८-१२-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | आयुष कुमार साह | २०७९-५-५ | २०८०-६-१८ |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १६०५६०० | २१३०११४ | १०९२०० | ० | ० | १३१०००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५१५४९१४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५१५४९१४ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २२५६९८१४६.२१ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३८९०५४४३६ | चालु खर्च | २४६५२७२३३.१५ |
| प्रदेश सरकारबाट अनुदान | १७६२७००० | पूँजीगत खर्च | २३८३५२४५६ |
| राजश्व बाँडफाँट | ५३१५५२७५.९४ | वित्तीय/अन्य व्यवस्था | ९१३९९५७८.२६ |
| आन्तरिक आय | २७१६३४२५.०८ | | |
| अन्य आय | ९१५६५८३७.६२ | | |
| कुल आय | ५७८५६५९७४.६४ | कुल खर्च | ५७६२७९२६७.४१ |
| बाँकी मौज्दात | | २२७९८४८५३.४४ | |

नोटः प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ ।